सुनिलस्मृति गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सुलीचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

## सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण तथा लाभाग्राही सुचीकरण सम्बन्धी सूचना !

मितिः २०८२/०३/३१

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (९) तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) बमोजिम सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको भदौ मसान्तभित्र (श्रावण एक गते देखि ऐ. भाद्र मसान्त सम्म दुई महिना) सम्बन्धित वडा कार्यालयमा अफै उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु पर्ने व्यवस्था रहेको व्यहोरा विदितै छ । सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीवरण तथा लाभग्राही सुचीकरण गर्दा देहाय अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

**देहायः**

**क**. राष्ट्रि परिचयपत्र वा परिचय नम्बर प्राप्त गरेका लाभग्राहीको हकमा अनिवार्य NIN, Fingerprint scanner वा Iris डिभाईस मार्फत verification गरी सम्बन्धित वडा कार्यालयबाट नवीकरण गर्नुहुन । यदि कुनै कारणले Biometric verificaton हुन नसकेमा अन्य विकल्प जस्तै Alpha Authentication (NID मा उल्लेख भएको वैयक्तिक विवरण तथा Photo) बाट verification गरी नवीकरण गर्नुहुन ।

**ख**. नयाँ लाभग्राहीको रुपमा सुचीकरण हुन वा नवीकरणका लागि लाभग्राहीले NIN उपलब्ध गराएको तर कुनै पनि माध्यमवाट NIN Verification हुन नसकेमा प्रणालीमा सोही कुरा कैफियत जनाई सुचीकरण तथा नवीकरण गर्नुहुन ।

**ग**. बालवालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने, अशक्त, असहाय वा नव्वे वर्ष माथिका जेष्ठ नागरिकको हकमा राष्ट्रिय परिचयपत्र नभए तापनि लाभग्राहीको रुपमा सुचीकरण वा नवीकरण गर्नुहुन ।

**घ**. म्याद भित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरिने र लगत कट्टा भएका व्यक्तिले पुनः लाभग्राहीमा सूचीकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७४ को दफा १२ वमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकाले सोही वमोजिम गर्नुहुन ।

**ङ**. आर्थिक वर्ष ०८२/८३ को वजेट वक्तव्यको बुँदा नं ३७५ मा आगामी आर्थिक वर्षदेखि (२०८२ साल श्रावण १ गते देखि) ७० वर्ष पूरा भएका नागरिकले जेष्ठ नागरिक भत्ता प्राप्त गर्ने व्यवस्था उल्लेख भएको हुँदा सोही बमोजिम जेष्ठ नागरिक अन्तर्गत नयाँ लाभग्राही सुचीकरण गर्ने । हाल प्राप्त गरीरहेको जेष्ठ नागरिकका हकमा भत्ता पाउने उमेर यथावत रहेकोले सोही वमोजिम नवीकरण गर्नुहुन सवैमा जानकारी गरिन्छ ।

(अशोक कुमार केसरी)
नि.प्रमुख प्रशासकीय अधिकृत